# बहुलवादी राज्य व्यवस्थाको निर्माणमा धार्मिक, जातीय तथा क्षेत्रीय विभेदको मारमा परेको मुस्लिम समुदाय : समस्या र समाधान

हमीद अन्सारी

## पृष्टभूमि :

भनिन्छ नेपालमा मानवले जन्म लिँदैन, जातिले जन्म लिन्छ । नेपालको एकीकरण गर्ने सन्दर्भमा डाँडा-काँडा, नदी-नाला, जंगल इत्यादि जोडियो तर हालसम्म त्यहीँ बस्दै आएका मानिसहरुलाई फुटाउने, लडाउने काम बाहेक तिनहरुलाई एकताको शूत्रमा बाँध्न सकिएन । नेपालको भौगोलिक एकीकरण भएपनि गएको २३७ वर्ष देखि नेपालको राज्य सत्तामा कायमै रहेको विभेदकारी शासन व्यवस्था बहुदलीय संसदीय व्यवस्थाको स्थापना पछिपनि सवै धर्माबलम्बी, जनजाति, दलित, मुस्लिम र भाषा-भाषीको भेदभाव निरन्तररुपमा कायम नै रहेको छ । यसैबीचमा शासन प्रणालीमा आमूल परिवर्तनको उद्देश्य राखेर एक दशक अगाडिदेखि संचालित माओवादी सशस्त्र जनयुद्धको असर देशको सम्पूर्ण क्षेत्रमा देखिँदै आएको छ । यस्ले नेपालको सम्पूर्ण क्षेत्र प्रभावित गरिसकेको छ र अहिले असंवैधानिक सरकारले द्वन्दलाई समाधान गर्ने तर्फ ध्यान नदिएर समस्याहरुलाई झन जटील तुल्याउँदै ल्याएको छ । यसैले माओवादी सशस्त्र विद्रोहलाई अझ आक्रमक गतिविधि संचालन गर्न उत्तेजित गराएको छ । साथै आन्दोलनरत राजनैतिक दलहरु र नागरिक समाजलाई पनि विरोध प्रदर्शन गर्नु पर्ने वाध्यता गराई दिएको छ । यस्तो अवस्थामा मुस्लिम समुदाय पनि राजनैतिक गतिविधिबाट अलग भएर बस्ने अवस्था रहेन ।

हालसम्म देखिएका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्धी द्वन्दले मुलुक आक्रान्त भई सवैतिर अशान्ति, हत्या र हिंसाको श्रृंखलालाई पनि बढाईएको छ । राजनैतिक द्वन्दले मुलुक आक्रान्तभई असफल राष्ट्रको मार्गमा गइरहेको अवस्थामा हामी मुस्लिम समुदायको पनि प्राथमिकता भनेको शान्ति र द्वन्दको राजनैतिक ढंगले समाधानको मार्ग मुलुकले समात्नु पर्छ भन्ने विषयमा एकमत छौं । हालै सरकारले गराएको निर्वाचनबाट मुलुकको आधारभूत राजनैतिक समस्या समाधान सहीढंगले गर्छ भन्ने कुरामा हाम्रो विश्वास छैन । निर्वाचन भनेको राजनीतिक अभ्यास गर्ने बाटो मात्र हो । निर्वाचन आफै लोकतन्त्रको परिपूरक हुन सक्दैन । त्यसैले वर्तमान विभेदकारी शासन व्यवस्थालाई परिवर्तन गरी राज्यको पुनर्संरचना गर्नु पर्दछ । मुस्लिम समुदाय पनि सर्व धार्मिक, जाति, जनजाति, दलित र अन्य नेपाली समाजका समुदायहरुसंग काँधमा काँध मिलाई नेपाललाई अति सुन्दर, सुव्यवस्थित र शान्तिमय बनाउन, विकास गर्न सर्वप्रथम बहुलवादी राज्य व्यवस्थाको निर्माण गर्न आवश्यक छ भनि ठान्छन् ।

प्रस्तुत कार्यपत्रमा देशको विद्यमान जटील समस्यालाई समाधान गर्ने र दिगो शान्ति र विकासको लागि वर्तमान अवस्थाको विश्लेषण र अग्रिम बाटो पहिल्याउन केही सुझावहरु प्रस्तुत गरी छलफलमा ल्याई अझ परिमार्जित र परिष्कृत गर्ने जमर्को गरिएको छ । आशा छ । यस सभाले यस सम्बन्धी प्रयासमा सहयोग अवश्य नै गर्ने छ ।

२ नेपालमा जातीय र सामुदायिक समस्या :

सबैलाई थाहै भएको कुरा हो कि नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधताले युक्त मुलुक हो । आर्य, मंगोल, आष्ट्रिक र द्रविड लगायत सबै प्रमुख मानव उद्गमनका जाति, जनजाति समूहहरु र हिन्दू, बुद्ध, इस्लाम, जैन, शिख इसाई लगायत सबै प्रमुख धर्महरुको उपस्थिति रहेको चीन र भारत जस्ता प्राचीन सभ्यता भएको विशाल मुलुकहरुको माझ अवस्थित र स्वयं पनि निकै लामो र गौरवपूर्ण इतिहास र सभ्यता बोकेको, जैविक विविधताको हिसाबले मात्र होइन, मानव संस्कृतिको हिँसाबले पनि उत्कृष्ट सांस्कृतिक सम्पदाहरु बोकेको नेपाल संसारकै एउटा आकर्षक पर्यटकीय गन्तव्य र खोज अनुसंधानको केन्द्र विन्दू बन्दै आएको छ । तर दुर्भाग्यवश, नेपाली समाजमा विद्यमान रहँदै आएको बहुलतावादी र सद्भावपूर्ण चरित्र हाम्रो राज्य संरचनामा अभिव्यक्त हुन सकिरहेको छैन । लामो समयसम्म नेपाललाई एक जाति एक भेष, एक धर्म र एक सांस्कृतिकमा ढाल्ने प्रयत्न गरिँदै छ । यस्को परिणामस्वरुप, नेपालमा कुनै जातीय भाषा विशेषले राज्यबाट विशेष सुविधा प्राप्त गर्ने, एउटा धर्म राज्य बन्ने, निश्चित जाति विशेषका संस्कृति र भेषभूषालाई राष्ट्रिय स्वरुप दिने, विकास र सुविधाको दृष्टिले पनि क्षेत्र विशेषलाई विशेष अधिकार दिने जस्ता व्यवहार प्रदर्शन अझ पनि जारी छ । राज्यका यी गलत नीतिको कारण मुलुकका करीब दुई तिहाई जनजाति, भाषा, सांस्कृतिक समदाय र क्षेत्रले आफूलाई मूल प्रवाह समाहित गर्न पाइराखेका छैनन् । उनीहरु दिनानुदिन पछाडि पर्दैछन् र कतिपयको त अस्तित्व नै लोप हुँदै गएको छ । राज्यको भौगोलिक एकीकरण भयो, सार्वभौम सत्ता त जोगियो तर आज पनि भावनात्मक एकीकरण हुन सकिरहेको छैन । आज हामी नेपालमा विभिन्न जाति, भाषा, संस्कृति, धर्म र समुदायको स्तरमा निकै ठूलो खाडल अनुभूत गरिरहेका छौं र यी विषयहरुमा रहेको विभेद, असमानता र उत्पीडण गम्भीर राष्ट्रिय समस्याको रुपमा विद्यमान छ । अप्रजातान्त्रिक शासनकालमा यस्तो व्यवहार स्वभाविक भए पनि प्रजातन्त्रमा यस्ता विभेदहरु हट्ने आशा गरिनु स्वभाविक नै हो । यही अपेक्षका साथ २०४६ सालको आन्दोलनमा नेपालका सबै समुदायले सहयोग पुऱ्याएका थिए । तर उक्त आन्दोलनले स्थापित गरेको प्रजातन्त्र र संविधानका प्रावधानहरु लागू गर्न सकिएन र जातीय, भाषिक, धार्मिक र सामाजिक असमानतालाई समाप्त पार्ने र सबै क्षेत्रमा समानता कायम गर्न भने नसकेको अनुभूति भईरहेको छ । पुरानो संविधानले अबको स्थितिको सामना गर्ने सामर्थ छैन । देशमा भएका राजनैतिक दल प्रजातान्त्रिक शक्तिमा जनतालाई प्रजातन्त्रप्रति नै गुनासाहरु वृद्धि भएको र यसले सामाजिक असन्तुष्टि, विद्रोह र अशान्ति बढेको हामी देखिरहेका छौं । यी समस्याहरुलाई समाधान गर्दै कसरी समाजमा दीगो शान्ति कायम गर्ने भन्ने समस्या यतीबेला राष्ट्रिय चिन्ताको विषय बनेको छ । प्रजातन्त्र बोल्ने, लेख्ने, सभा संगठन गर्ने र पाँच वर्षमा एक पल्ट भोट हाल्ने औपचारिकतामा सिमित हुनु हुँदैन । यो जनतालाई सामाजिक-आर्थिक स्वतन्त्रता सहितको पूर्ण राजनैतिक अधिकारले युक्त हुनु पर्छ र यसले समाजका सबै जाति, भाषा, धर्मसंस्कृति, समुदाय, लिंग र भूभागलाई समाहित गर्न सक्नु पर्छ भन्ने माग यतिबेला व्यापक रुपमा अघि बढी रहेको छ ।

नेपालमा जातीय, भाषिक र सांस्कृतिक समस्याहरुको अलावा सामुदायिक समस्या पनि गंभीर रुपमा विद्यमान छ । निश्चित जातीय समूहमा आवद्ध नभएता पनि खास खाले धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक स्थानको कारण बेग्लै पहिचान भएका विभिन्न समुदायहरु नेपाली समाजका महत्वपूर्ण अंग हुन् । ती समुदायहरुले भोग्नु परेका समस्याहरुप्रति राज्य र यस्का संचालकले ध्यान नै दिदैनन् । प्रजातन्त्रले समाधान गर्नु पर्ने यी समस्याहरु आजसम्म पनि समाधान भइ रहेका छैनन् । समाज निर्माणमा आफ्ना पसीना र सीपले महत्वपूर्ण योगदान गरेर पनि छुवाछूतको अमानवीय कलंक बोक्न वाध्य भैरहेका दलित समुदाय यस्को ज्वलन्त उदाहरण हुन् । यस्तै प्रकृतिका समस्याहरु आज नेपाली मुस्लिम समुदायले पनि भोग्नु परिरहेको छ । जस्को बारेमा ध्यानाकर्षण गराउन र हाम्रा उपेक्षहरुमा मुलुकका जिम्मेवार राजनीतिक दलहरु, नागरिक समाज, बुद्धिजीवी र सर्वसाधारणको दृष्टिकोण प्राप्त गर्न यहाँ हामी यो समस्याको सम्बन्धमा चर्चा गर्न गइराखेका छौं ।

**३ नेपालका मुस्लिम समुदाय र समस्याहरु :**

**(क) इस्लाम धर्म संबन्धी अस्पष्टता :**

हजरत मोहम्मद सल्लाहोअर्लेद व सल्लम (ई. सं. ५७०-६३२) द्वारा प्रतिपादित इस्लाम धर्म संसारका पुरानो धर्म मध्ये एक हो र यो धर्मका अनुयायी मुस्लिमहरु आज संसारमा सर्वत्र छन् । इस्लाम धर्म हो यसलाई मुस्लिम धर्म भन्नु र लेख्नु हुँदैन । इस्लाम धर्म मान्ने मान्छे लाई मुस्लिम भनिन्छ । गैर मुस्लिमहरुले यस धर्मलाई 'उल्टो धर्म' भन्ने र लेख्ने गरेका छन् । यसो गर्नाले मुस्लिमहरुको भावनामा आघात पुग्छ । धेरैजसो नेपाली छापामा आउने नेपाली वुद्धिजीवीहरुको कलमबाट उल्टो धर्मको लेखाइले मुस्लिमहरु आश्चर्य चकित हुने गर्छन् । हिन्दूहरु पूर्वतिर मुन्टो गरेर पूजा गर्छन् मुस्लिमहरु किन पश्चिमतिर ? यस्तो तर्कले अज्ञानताको बोध हुन्छ । मुस्लिमहरु पश्चिमतिर तोकेर उभिने होइन कि उनीहरु साउदी अरबमा स्थित काबातिर मुन्टो फर्काउने गर्छन् । नेपाल, भारतबाट काबा पश्चिममा पर्छ त्यसैले पश्चिमतिर मुन्टो गरेको तर अरु देशका मानिसहरुत कसैले उत्तर, कसैले दक्षिण गरी काबा भएकै ठाउँमा सवैले गोलो पारेर काबाको वरीपरी उभिएर प्रार्थना गर्नु पर्छ । यही हो इस्लाम धर्मको तरीका ।

**(ख) मुस्लिम समुदायको संरचना :**

मुस्लिम समुदाय नेपालका पुराना वासिन्दा होइनन्, यीनीहरु पाहुना जस्तै हुन् आवत-जावत गरे हुन्छ, यीनीहरु म्लेच्छ हुन्, इत्यादि अनेकौं कुरो नेपाली छापामा आउने गर्छन् । इतिहास हेर्‍यो भने मुस्लिमहरु व्यापारको सिलसिलामा भारत हुँदै आठौं शताव्दीतिर नेपालमा प्रवेश गरेको ऐतिहासिक आधारहरु प्राप्त भएका छन् । बाहिरबाट ईस्लाम धर्मका गुरुहरु अवश्य आए तर यहींका धेरै मानिसले त्यतिबेला नै आफ्नो पुरानो धर्म छोडी ईस्लाम धर्म अपनाए र मुस्लिम भए । तसर्थ कतिजना नेपाली समुदायका मानिस धर्म परिवर्तन गरेर मुस्लिम भए त्यसको ऐतिहासिक विवरण पाइदैन तर यकीन साथ के भन्न सकिन्छ भने हालको नेपाली मुस्लिम समुदायमा बढी यहींका मानिसले ईस्लाम धर्म मानी मुस्लिम भए होलान् र थोरै बाहिरबाट आए । यो ऐतिहासिक कुरा विश्लेषण गर्नु पर्ने छ ।

**(ग) मुस्लिम समुदायमा जातिप्रथा :**

मार्क गावोरीले आफ्नो पी. एच. डी. थेसिसमा नेपालको मुस्लिम समुदायमा २६ वटा जाति रहेको र त्यसमा उँचनीच जाति रहेका छन् । तर मुस्लिम समुदायभित्र भेदभाव पाईदैन र संगै बसेर खाने, पानी भर्ने, प्रार्थना गर्ने, बिहेवारी गर्ने पनि चल्छ । तर हिन्दू समुदायले मुस्लिम सबैलाई अछूत नै मान्ने गरेको पाइन्छ ।

**(घ) मुस्लिमको जनसंख्या शंकास्पद् र कम भएको :**

नेपालका मुस्लिमहरुको जनसंख्या २०५८ सालको जनगणना अनुसार ९ लाख ५४ हजार अर्थात् ४.२ प्रतिशत रहेको तर यो जनसंख्या कम हुनुको मुख्य कारण मुस्लिमको जनसंख्यामा 'चुरौटे', धुनियाँ र अरु मुस्लिम जातिहरुलाई तथ्यांक विभागले यीनीहरु मुस्लिम नमानेर भएको हो । नत्र सरकारी तथ्यांक अनुसार नै यो प्रतिशत जति हुन आँउछ । यस्तै बुद्ध धर्मावलम्बी र अरु समुदायको तथ्यांक भरपर्दो छै ।

**(ङ) आर्थिक अवस्था दयनीय भएको :**

सन् १९६६ को एउटा अध्ययनले मुस्लिमहरुको साक्षरता प्रतिशत औशत राष्ट्रिय साक्षरता भन्दा धेरै कम अर्थात् २७.६ प्रतिशत मात्र प्रतिव्यक्ति आय राष्ट्रिय औशतको तुलनामा धेरै कम अर्थात् रु. ६६३०, औशत आयु ४८.७ बर्ष मात्र रहेको भनेर उद्घाटित गरिएको तथ्यले नेपाली मुस्लिमहरुको दयनीय अवस्था प्रदर्शित गर्दछ । अर्को एउटा अध्ययनले प्रति व्यक्ति प्रति दिन एक यू. एस. डलर अर्थात् रु. ७५ को दरले नेपाली मुस्लिमहरुको ८० प्रतिशत भन्दा बढी संख्या निरपेक्ष गरीबी मुनिको रहेको पुष्टि गरेको छ । जनसंख्या बृद्धि र अन्य विभिन्न कारणले यो समुदाय गरीबीको चक्रलाई बढाउने काम गरिरहेको छ । गरीबी कै कारण यो समुदाय अकाल मृत्यु, कुपोषण, बेरोजगारी र भूमिहीनताको पीडा बोकेर बाँच्न वाध्य छन् । सरकारी सेवा लगायत अन्य क्षेत्रमा पनि उनिहरुको उपस्थिति निकै कमजोर रहेको छ । तर यो समुदायको सामाजिक आर्थिक उत्थानको लागि राज्य तर्फबाट कुनै विशेष ध्यान दिने र लगानी गर्ने काम हुन सकेको छैन । मुस्लिम महिलाहरुको अवस्था त झनै दयनीय रहेको छ ।

**(च) सामाजिक अवस्था झनै दयनीय अवस्थामा छ :**

नेपाललाई संवैधानिक हिसावले हिन्दू अधिराज्य घोषणा गरिएकोले यसले अन्य धर्मावलम्बीहरुलाई भावनात्मक चोट मात्र पुऱ्याएको छैन, कयौं व्यवहारिक समस्याहरु पनि सृजना गरिरहेको छ । अझ त्यस माथि नेपालको राष्ट्रिय एकताका प्रतीक मानिएका राजालाई केही समय पहिले एउटा धार्मिक समुदायले हिन्दू सम्राट घोषणा गरेको र यस्तो विवादास्पद काममा विदेशी साम्प्रदायिक संस्थाको संलग्नता रहेको कुराले नेपालको अन्य धर्मावलम्बीहरुलाई अपमानित मात्र गरेको छैन, नेपालमा धार्मिक विवादको जन्म पनि गरिदिएको छ र राज संस्थालाई विवादित गर्ने बनाउने काम पनि गरेको छ । मदरसा, मस्जिदहरु र अन्य धार्मिक संस्थाहरु राज्यबाट संरक्षण नपाउने मात्र होइन, निजी क्षेत्रबाट लगानी गरेर निर्माण र संचालन गर्न खोज्दा पनि कतिपय कानूनी जटीलताहरुको सामना गर्नु पर्ने अवस्था छ । मुस्लिमहरुको चाडबाडहरुमा (इदमा) सार्वजनिक विदाको अवस्था न हुनाले आफ्ना धार्मिक, सांस्कृतिक पर्वहरु मनाउने वातावरण उपलब्ध छैन । मृत्युपछि

दफनको लागि कब्रिस्तान र अन्य स्थलहरुको निमित्त आवश्यक पर्ने सार्वजनिक जमीनहरु उपलब्ध नहुनुले मृत्यु पर्यन्तको चिन्ताले सताइ रहेको हुन्छ ।

मुस्लिमहरुले आफ्नो धार्मिक अवस्था अनुसार अनिवार्य रुपमा अध्ययन गर्नुपर्ने ईस्लामधर्म र साहित्यको अलावा आधुनिक विषयहरु पनि आवश्यक भएको तर त्यसको लागि खोलिएको मदरसाहरुको स्वीकृति, उनीहरुको संचालनको निम्ति स्रोतको व्यवस्था, त्यहाँ प्रयोग गरिने पाठ्यक्रमहरु आदि विषयमा कुनै व्यवस्थित सरकारी नीति र संकाय नभएको कारण मुस्लिमहरुले शिक्षा प्राप्त गर्न गंभीर अवरोधहरुको सामना गर्नु परिरहेको छ । मुस्लिम समुदाय शिक्षामा यति पछाडि पर्नुको एउटा मूलभूत कारण यो पनि हो ।

मुस्लिमहरुको निमित्त हज यात्रा जीवनको सर्वोच्च इच्छा हो । हज यात्राको लागि वर्षेनी हज कमिटी सरकारले बनाउँछ तर त्यसमा पर्ने राजनीतिक प्रभाव, त्यहाँ हुने निरन्तरको अस्थिरता र अन्य कारणले यसले मुस्लिमहरुलाई समस्या थप गरिदिने काम गरेको छ । तसर्थ मुस्लिम समुदायको हजको लागि श्री ५ को सरकारले हज कमिटीको अस्थायी व्यवस्थाको सट्टा एउटा स्थायी व्यवस्था गरी गृहमन्त्रालय अन्तर्गत धार्मिक (हज) शाखा खोलिदिए यो बढी प्रभावकारी, कम खर्चिलो र सुविधाजनक हुन्थ्यो ।

नेपालको मुस्लिम समुदायले एउटा यस्तो कानून सरकारसंग माँग गर्छ जसबाट मुस्लिमहरुलाई चाहिने धार्मिक स्थल जस्तै मदरसा, मस्जिद, मजार, करबलाको मैदान, कब्रिस्तान, इदगाह, सराय इत्यादिलाई कानून अनुसार निर्माण गर्न, विकास गर्न र सुव्यवस्थित रुपमा संचालन गर्न पाउन् । तर यस्तो साधारण माँग पनि सरकारले अझ सम्म पुरा गरेन ।

नेपालको एकीकरण र विकासमा मुस्लिमहरुको महत्वपूर्ण भूमिका रहेको छ । यो इतिहास मै उल्लेख छ । मुस्लिमहरु कुनै विदेशी तत्व होइनन्, नेपाली समाजका ,संस्कृतिका अभिन्न हिस्सा हुन् । तर समाजका कतिपय संकीर्ण तत्वहरुले बेलाबेलामा यो समुदायको देश भक्तिमाथि प्रश्न उठाउने, अमुक देशसंग जोडेर राजनीतिक प्रचार गर्ने, उनीहरुप्रति दुर्भावना फैल्याउने काम गर्ने गरेका छन् ।

४. **समीक्षात्मक निष्कर्ष** : माथि उल्लेखित मुस्लिम समुदाय सम्बन्धी विवरणबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि मुस्लिम समुदायमा विभेद छ, राज्य र समाज दुवैबाट विभेदलाई यथावत् राख्न वर्षौदेखिको परम्परामा अबको राज्यले संविधान, कानूनले निकास दिन सक्दैन, मनसाय पनि छैन, विभेद निराकरण गरी यो समुदायलाई मूल प्रवाहमा, राज्य र विकासमा समाहित गरी विकास गर्न पनि सकिदैन । यो विभेदको अवस्था सबै धर्मावलम्बीहरुमा, जाति जनजाति, दलित, मधेशी इत्यादि सबैमा छ । विभेद क्षेत्रीय, धार्मिक, जातीय सबैखाले बढ्दै छ । मुलुकमा अहिले यसैको फलस्वरुप सशस्त्र द्वन्द चर्किरहेको छ । शान्ति छैन । विकास अवरुद्ध भएको छ र यसलाई रोक्ने संवैधानिक र असंवैधानिक सवै तरीका असफल भैरहेको छ । अबको राजनीतिक र प्रशासनिक कार्यवाहीले देशमा दीगो शान्ति र विकासको प्रकृया अगाडि बढाउन गाह्रो र असम्भव प्रायः छ । तसर्थ यी समस्याहरुको निकासको लागि बहुलवादी राज्य व्यवस्थाको निर्माण आवश्यक छ, राजनीतिक व्यवस्थामा आवश्यक सुधार र सामाजिक आर्थिक रुपान्तरण गरी नयाँ नेपालको निर्माण गर्ने जमर्को सहित लोकतन्त्रको

स्थापना, संविधान सभाद्वारा मात्र सम्भव छ भन्ने कुरोमा विज्ञहरु दृढ देखिन्छन् र यसले मात्र देशमा शान्ति र विकास र सबै नेपालीको भलो हुन सक्छ भन्ने कुरो बहुसंख्यक नेपालीको छ ।

**५. समस्या समाधानका उपायहरु :**

नयाँ नेपाल निर्माण गर्ने अबको प्रयासमा विगत एक वर्षमा बुद्धिजीवीहरुबाट लेखिएको पुस्तक, कार्यपत्र, लेख र गोष्ठी/सभाबाट आएका तर्क संगत र औचित्यपूर्ण विचारहरु मध्ये वर्तमान अवस्थाबाट निकास लिन निम्नलिखित प्रंस्ताव छलफलको लागि प्रस्तुत गरिएको छ ।

**१. संविधान सभा मार्फत नयाँ संविधान वनाउने :**

- संविधान सभामा सबै जातिको प्रतिनिधित्व हुनुपर्छ र त्यसैले नयाँ संविधान बनाउँछ ।
- नयाँ संविधान नेपाली र अंग्रेजी वा हिन्दी भाषा दुवैमा एक साथ लेख्नु पर्छ नत्र हालसम्मको अनुभवले के देखाएकोछ भने शब्द चयनमा त्रुटी र तेही संविधानको धारा उपधाराले कहिले मध्यावदी चुनाव ठीक र कहिले बेठीक र हालको धारा १२७ बाधा अड्चन फुकाउने भनेर बनाइएको तर त्यही धाराले झन पाएको प्रजातन्त्र पनि सार्वभौमसत्ता सम्पन्न भएका नेपाली नागरिकले प्रजातन्त्र नै गुमाउनु परेको, राजा र शाहीसेना सदन अन्तर्गत आउन नसकेको सरकार पनि पुरानै कानून र परम्परामा चल्दा टिक्न नसकेको र देश असफल राष्ट्र हुन पुगेको इत्यादि दृष्टान्तले अबको संविधान यी सवैबाट मुक्त भइ नयाँ संविधान लेख्नु पर्छ ।

**२ सेकुलर स्टेट बनाउने** : नेपाली भाषामा सेकुलरलाई धर्म निरपेक्ष भन्ने गरिएको छ तर त्यसले समग्रमा सेकुलरको अर्थ सम्पूर्ण रुपमा दिँदैन । धर्म सापेक्षको वर्तमान अवस्थाबाट धर्म निरपेक्ष हुन सक्छ तर सेकुलर हुन अझ प्रोसेस (प्रणाली) चाहिन्छ । तसर्थ सबै जाति जनजातिको भाषा, संस्कृति, सांस्कृतिक र धार्मिक पहिचान गर्ने मान्यताकासाथ नेपाली राष्ट्र र नेपाली नागरिकको बराबर हक अधिकार कायम गर्ने गरी नेपाल राष्ट्र र नेपाली नागरिकको विकास गर्ने प्रावधान संविधानमा हुनु पर्छ । हाल नेपाली भाषालाई राष्ट्र भाषाको मान्यता लादिएको छ । नेपाली जनताबाट अनुमोदन भएको छैन । तसर्थ हालको खस भाषालाई नेपाल राष्ट्रको भाषा मान्ने कि नमान्ने त्यो सवाल संविधान सभामा टुँगिनु पर्छ । त्यस्तै नेपाल राष्ट्रको पोशाकमा पनि गर्नु पर्छ ।

**३. जातीय स्वशासन** : संविधानमा जातीय स्वशासनको प्रावधान राख्नु पर्छ । त्यसको छिनोफानो संविधान सभाले गर्नु पर्छ । हाल छापा र गोष्ठी /सभामा आएका, छलफलमा आएका बूँदाहरु मध्ये क्षेत्रीय स्वायत्तता (Regional Autonomous) को सट्टा जातीय स्वायत्तता नै मुस्लिम र अन्य अल्पसंख्यक समुदायहरुलाई बढी उपयुक्त देखिन्छ ।

**४. लोकतन्त्र (Democracy) :**

देशमा जति बलियो राजनीतिक पार्टी हुन्छ, जति बढी प्रजातान्त्रिक हुन्छ त्यति ने बलियो रुपमा लोकतन्त्र फस्टाउन सक्छ । तर दुर्भाग्यवश हाम्रा सात दलभित्र पनि

प्रजातान्त्रिकरण गर्न बाँकि नै छ । प्रजातन्त्रको पनि प्रजातान्त्रिकरण गर्नु पर्छ । राजतन्त्रको पनि प्रजातान्त्रिकरण गर्न अनिवार्य भैसकेको छ । समावेशी लोकतन्त्र **(Inclusive Democracy)** होइन । **Participatory Democracy** नेपालको लागि सुहाउँदो हुन्छ ।

**५. राज्यको पुनःसंरचना**

नयाँ राज्य संरचनामा जातीय, क्षेत्रीय र प्रादेशिक आधारमा गर्ने र त्यसको पनि संविधानमा प्रष्ट उल्लेख हुनु पर्छ ।

राज्यले के गर्ने, नागरिक समाजले के गर्ने, क्षेत्र र प्रदेश वा जिल्लामा कस्तो के गर्ने भन्ने कुरो प्रष्ट रुपमा आम सहमतिको आधारमा संविधान सभामा व्यापक छलफल गराई राज्यको पुनःसंरचना गर्नु पर्छ ।

**६. अब नयाँ बन्ने संविधानमा निम्नलिखित विशेषताहरु समाहित हुनु पर्छ ।**

१. सेनाको व्यवस्थापन र परिचालन निर्वाचित संसद सरकारद्वारा गर्नु पर्छ :

२. **आरक्षणको व्यवस्था** : आरक्षण सामाजिक विभेदमा परेका नेपाली नागरिकलाई अल्पकालिन अवस्थामा क्षतिपूर्तिको रुपमा दिनु पर्ने प्रावधान हो र यो पिछडिएका सम्पूर्ण नेपाली नागकिलाई राज्यले दिनु पर्छ ।

३. निर्वाचन प्रणाली प्रोपर्शनको आधारमा बनाउनु पर्छ ।

४. **आत्मनिर्णयको अधिकार** : आत्मनिर्णयको अधिकार अन्तर्राष्ट्रिय कानूनका आधारभूत सिद्धान्त हुन् । यो मानव अधिकार सम्बन्धी विश्व घोषणापत्र र राजनीतिक एवं नागरिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु सम्बन्धी अन्तर्रष्ट्रिय प्रतिज्ञापत्रमा समेत समाविष्ट रहेका अधिकारहरु हुन् । आत्मनिर्णयको अधिकारको आशय यहाँ छुट्टै जातीय राज्य बनाउन पाउने अधिकार नभै संयुक्त राष्ट्र संघको परिभाषा अनुसार 'आन्तरिक स्वायत्तता' हो। आत्मनिर्णयको अधिकार महत्वपूर्ण एवं आधारभूत मानव अधिकार भएको हुनाले संविधानमा नै जनताको आत्मनिर्णयको अधिकारको व्यवस्था गर्नु पर्छ ।

५ **शक्तिको पृथकीकरण** : लोकतन्त्र एवं वैयक्तिक स्वतन्त्रताका लागि शासनका तीनवटै शक्तिहरु व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका लाई पृथकीकरण गर्नुपर्छ । अर्थात् सरकारका यी तीनै अंगहरु परस्परमा पृथक र स्वतन्त्र रहनु पर्छ । जस्ले एकले अर्कोको निरंकुशतालाई रोक्न सकोस अथवा त्यसमाथि नियन्त्रण गरी सरकारमा संतुलन स्थापित गर्न सकोस ।

६. **गणतन्त्रात्मक प्रणाली** : सिद्धान्ततः वास्तविक संवैधानिक राजतन्त्र भनेको कानूनतः नभए पनि मूलतः गणतान्त्रिक मान्यतालाई अख्तियार गर्ने राज्य प्रणाली हो । अबको राज्य संरचना कानूनी रुपमा जेसुकै भएपनि तात्विक रुपमा गणतान्त्रिक नै हुनुपर्छ । गणतन्त्रका आधारभूत सिद्धान्त हुन् : निर्वाचित कार्यकारिणी तथा निर्वाचित व्यवस्थापिकाको सशक्त उपस्थिति । गणतन्त्रको विशेषता नै मुलुकको कुनै पनि कार्यकारी पद कुनै व्यक्ति विशेष, जाति विशेष अथवा परिवार विशेषको लागि

सुरक्षित रहनु हुन्न । प्रत्येक व्यक्ति र साधारण भन्दा साधारण नागरिक, राज्यको प्रत्येक पद, यहाँ सम्म कि सर्वोच्च पदसम्म पुग्ने आशा एवं अभिलाषा राख्न सक्छ ।

७. **जनमत संग्रहको व्यवस्था** : संविधानमा तोकिएको निश्चित विधिका आधारमा माँग भएमा संसदले निर्णय गरेर संविधानको कुनै पनि व्यवस्थामा संशोधन गर्नका लागि जनमत संग्रह गर्नुपर्ने संवैधानिक प्रणालीको व्यवस्था हुनु पर्छ । संविधानमा नागरिकहरुको संवैधानिक उपक्रमको अधिकार हुनु पर्छ । जनमत संग्रहमा संविधान संशोधनको पक्षमा बहुमत हासिल भयो भने संविधानको कुनै पनि व्यवस्था बदलिन सक्छ । सार्वभौम जनताले चाहेमा पुरै संविधानलाई पनि बदल्न सक्छ, त्यहाँ अपरिवर्तनशील केहीपनि रहनु हुन्न । सार्वभौम जनताले उपक्रमण सम्बन्धी अधिकार **(Right to Initiative)** र जनमत संग्रह **(Right to Refrendum)** सम्बन्धी अधिकार पाउनै पर्छ ।

८. **क्षेत्रीय राजनीतिक दलको मान्यता** : मुलुकको संघीय शासन प्रणालीलाई सही प्रतिनिधित्व दिन धर्ममा आधारित बाहेकका निश्चित समुदाय तथा क्षेत्रका नागरिकहरुको बृहत् र राजनीतिक, सामाजिक एवं आर्थिक हितहरुको संरक्षणका लागि क्षेत्रीय स्वरुपको राजनीतिक गठन वा दलको दर्ता सम्बन्धी संवैधानिक व्यवस्था गरिनु पर्दछ ।

९. **नागरिकता प्रमाणपत्रको व्यवस्था** : जनताको अभिमतको आधारमा दुरगामी परिणामको कुनैपनि परिवर्तनकारी निर्णय लिनु भन्दा पहिले नागरिकता समस्याको समाधान हुनै पर्दछ । नागकिताको विद्यमान समस्यालाई कायम नै राखेर आमूल परिवर्तनका लागि लिइने कुनैपनि निर्णयमा मधेशी समुदायले न्याय पाउन सक्दैन । मधेशी समुदायको न्यायोचित प्रतिनिधित्व बिना हुने कुनैपनि समाधानलाई मधेशीहरुले मान्ने छैनन् । नागरिकता समस्याको समाधानको मुख्य वाचक तत्व वर्तमान संविधानमा रहेको नागरिकता सम्बन्धी प्रावधान भएकोले यसको स्थायी समाधानको निम्ति वर्तमान संविधानको उक्त प्रावधानमा आमूल परिवर्तन गरिनु पर्दछ ।

१०. **आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था** : मुलुकको वर्तमान निर्वाचन पद्धति त्रुटीपूर्ण छ । वर्तमान संसदीय निर्वाचन क्षेत्रको व्यवस्थाबाट मधेशीहरुको विधायिकामा समुचित प्रतिनिधित्व हुन सक्दैन । झन मधेशका उत्पीडित समुदायको समुचित प्रतिनिधित्वको सवाल नै उठ्दैन । मधेशी, दलित तथा पिछडीएका समुदायको अवस्था दयनीय रहेकोले र स्थापित राजनीतिक दलहरुले समेत दलितहरुको हितको विषयमा मधेशीहरुलाई छुट्याउने मानसिकता अपनाएको हुँदा मधेशी मूलका दलितहरुलाई राज्यको नीति निर्माण एवं शक्ति अभ्यासका निकायहरुमा पुऱ्याउनका लागि संसदका निर्वाचन क्षेत्रहरुलाई मधेशी, दलित, जनजाति र पिछडीएका वर्गका मानिसहरुका लागि आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था संवैधानिक रुपमा नै गरिनु पर्दछ । जहाँ यस्ता समुदायका मानिसहरुका बीचमा मात्र निर्वाचन हुने व्यवस्था हुनेछ ।

११. **अन्तरिक औपनिवेशीकरणमा नियन्त्रण** : गोर्खालीद्वारा मधेशलाई कब्जा गरेपछि मधेशमाथि आन्तरिक औपनिवेशीकरण कायम हुन गयो । राणा शासनकालदेखि नै मधेशलाई दरवार, राणाहरु तथा शासक वर्गले उपनिवेशको रुपमा उपयोग गर्दै आएको छ । मधेशको उर्बरा भूमि जागीर, बीरता, बकशीस नजराना, बक्श, दाइजो, दान आदिको रुपमा वितरण गरिँदै आएको हो । शासक वर्गले साधारण अपठित मधेशीहरुलाई उनिहरुको पुस्तैनी प्रयोगको जग्गाबाट बेदखल गर्दै तराइ प्रदेशका घना बन जंगललाई कटानी गराएर मधेशमा नियोजित रुपमा शासक वर्गका मानिसहरुलाई बसाउने काम हुँदै आएको छ । मधेशका क्षेत्रहरुमा बसोबास कम्पनीहरु खडा गरेर, सुकुमबासी आयोगहरु खडा गरेर, बस्ती विकास कम्पनीको नाममा राजनीतिक पीडितको नाममा, राजा तथा राजपरिवारका सदस्यहरुको नाममा गाँव शहरहरु बसाएर शूरु भएको औपनिवेशीकरणको प्रकृयालाई पछि वर्माबाट विस्थापित गरिएका हरुलाई भारतका विभिन्न राज्यहरुबाट धपाइएका हरुलाई, भुटानबाट आएका हरुलाई बसाएर आजसम्म निरन्तरता दिइएको छ । वि. सं. २०२४ मा भूमिसुधार लागू भएपछि मधेशका विभिन्न जिल्लाहरुमा निस्केका जग्गाहरु मधेशका मानिसहरुलाई नदिएर पहाडी मूलका मानिसहरुलाई दिइयो । यसरी मधेशलाई राज्य सत्ताको उपनिवेशको रुपमा प्रयोग गरेको छ । मधेशको पहिचानलाई कायम राख्न संवैधानिक व्यवस्थाको आधारमा आन्तरिक उपनिवेशीकरणको अन्त्य गर्नु पर्दछ । यसका लागि भौगोलिक, सामुदायिक, भाषिक र जातीय आधारमा गठित प्रान्तमा अन्य क्षेत्रका व्यक्तिहरुले जग्गा खरीद गर्न कानूनी नियन्त्रणको व्यवस्था गरिनु पर्दछ । राज्यको केन्द्र स्तरबाट यस्ता प्रान्तमा कुनैपनि संगठित प्रकारका विजातीय बसोवासको नीति तथा कार्यान्वयन गर्न नपाउने संवैधानिक प्रबन्ध हुनु पर्दछ ।

१२. **मधेशको रैथाने हकको ग्यारेण्टीको प्रत्याभूति** : कुनैपनि क्षेत्रको विकासको लागि त्यस क्षेत्रको प्रकृतिक श्रोतहरुको उपयोगमा त्यहाँका आदिवासीहरुको रैथाने हकको ग्यारेण्टी हुनु स्वभाविक विषय हो । तर नेपालको मधेश क्षेत्र यसको उपवाद रहेको छ । नेपालको समग्र विकासको नाममा मधेश क्षेत्रको प्रकृतिक सम्पदाको उपयोग गर्ने क्रममा आजसम्म यस तथ्यलाई नजरअन्दाज गरिएको छ । मधेश क्षेत्रको प्राकृतिक श्रोतको भारतसंगको दुई पक्षीय एवं अन्य राष्ट्र तथा अन्तर्राष्ट्रिय निकायहरुसंग बहुपक्षीय उपयोगको सन्धीसम्झौतामा मधेशको आर्थिक स्वार्थको रैथाने हक तथा वातावरणीय अधिकारको राज्यबाट तथा दोश्रो पक्षबाट गंभीर उपेक्षा हुँदै आएको छ । यस तथ्यलाई ध्यानमा राखेर हालसम्म मधेशको गुमेको हकको प्रतिस्थापन र प्राप्ति हुनु पर्दछ । साथै यही मान्यताको आधारमा सबै दुई पक्षीय र बहुपक्षीय सहमति हरुको पुनर्मुल्यांकन र पुनर्निधारण गरिनु पर्दछ । भविष्यको योजनाहरुको निर्धारण गर्दा संवैधानिक रुपमै मधेशको रैथाने हकको ग्यारेण्टी गरिनु पर्दछ ।

**सन्दर्भ सामग्री :**

१. भारतीय चिन्तन परम्परा- के. दामोदरन
२. नेपालको जातीय प्रश्न - गोविन्द न्यौपाने
३. डर्वन घोषणा र कार्ययोजना
४. जाति, भाषा, धर्म र संस्कृति सम्बन्धी हाम्रो नीति - नेकपा -एमाले) केन्द्रीय कार्यालय
५. मदरसा जाँचबुझ कार्यदलको प्रतिवेदन - २०५२
६. नेपालमा मुस्लिमहरुको समस्या र समाधान - हमीद अन्सारी -२०६२
७. नेपालको जातीय समस्या र समाधानको बाटो - प्रदीप ज्ञवाली - २०६२
८. Status of Muslims in Nepal- Hamid Ansari 1996.
९. Peasants, Urban Traders and Rural Artisans : Muslim Minorities in the Kingdom of Nepal – Marc Gadorieau
१० जयप्रकाश गुप्ताद्वारा प्रस्तुत गरिएको कार्यपत्र 'समावेशी लोकतन्त्रको स्वरुप र संरचना : मधेशी सवाल'

**(यस लेख उहाँले जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च२०६२ साल चैत्र १९ गतेको कार्यक्रममा प्रस्तुत गर्नु भएको थियो)**